संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७६ चैत्र ३० आइतवार
बर्ष १ अंक १

## आरम्भ

**Stay Home; Stay Safe**

भक्तपुर जिल्लामा कोभिड-१९ को प्रतिकार्यको गतिविधिहरु CMC भक्तपुरले बुलेटिनमार्फत जनसाधारण समक्ष राख्न आरम्भ गरिएको व्यहोरा सहर्ष जानकारी गराइन्छ।

कोरोना १९ बाट उत्पन्न यस विषम परिस्थितिको प्रतिरोध गर्न सबै संयन्त्रका साथै स्वास्थ्यकर्मी, उपकरण तथा वेडहरु समेत तयारी हालतमा रहेको हुँदा सतर्कताका साथ लकडाउनको पूर्ण परिपालन गर्दै घरभित्रै रहनुहुन सबै जिल्लाबासीहरुमा हार्दिक अनुरोध छ।

यस अवस्थामा सबै स्थानीय तह, जनप्रतिनिधि, उद्योगी व्यवसायी, कार्यालयहरु तथा सबै जिल्लाबासी महानुभावहरुबाट अझ बढी सहयोग र सर्मथनको अपेक्षा गरिएको छ।



संक्रमित बिरामी बोक्न मोडिफाइ गरिएको स्टेचर वेड

### उपभोग्य वस्तुको आपूर्ती व्यवस्थापन भइरहेको

## बजार अनुगमन नियमित



बजारमा आपसमा दूरी कायम गरी किनमेल गर्दै स्थानीय

**जिल्लावासीहरुले लकडाउनको निर्देशनलाई पूर्णरुपमा पालन गरी आफ्नो घरपरिसर भित्रै वसौं।**

भक्तपुरका बजारमा खाद्यान्न, नुन, तेललगायत दैनिक उपभोग्य वस्तुको संचिति पर्याप्त रहेको छ। बिक्री वितरणलाई व्यवस्थित गर्दै संक्रमणमुक्त बनाउन र अत्यावश्यक वस्तुको अभाव हुन नदिन व्यवसायीहरुसंग निरन्तर समन्वय गर्दै सहज आपूर्तीको व्यवस्था मिलाइएको छ । आपूर्ती ब्यवस्था सम्बन्धमा सुरक्षा निकाय सम्मिलित टोलीबाट निरन्तररुपमा अनुगमन भइरहेको छ।

### नियमन तथा कारवाही

मिति २०७६।१२।२५ गते भक्तपुर नगरपालिका – १० कमलविनायकस्थित कायाकल्प आर्युवेद फर्माले गुणस्तरहिन सेनिटाइजर बिक्री गरेको पाइएपछि औषधि व्यवस्था विभाग समेत प्रहरीको टोलीले फर्माका सञ्चालकलाई पक्राउ गरी कारवाही चलाइएको छ ।

मिति २०७६।१२।२७ परेली आर्युवेद हाउसले अनुमति प्राप्त गरेको भन्दा फरक र अनाधिकृतरुपले कस्मेटिकहरु उत्पादन गरेको पाइएकोले हाललाई उक्त फर्माको उत्पादन, प्याकेजिङ, लेबलिङको कार्य बन्द गरी अनुसन्धान भइरहेको छ ।

# जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र CMC सक्रिय

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्नेलगायत काम गर्न मिति २०७६।१२।२१ मा जिल्लास्तरीय Crisis Management Center (CMC) Bhaktapur स्थापना भई सक्रिय भएको छ।

CMC गठन हुनु पूर्व जिल्ला विपद् व्यवस्थापन समिति र कमाण्ड पोष्टले कोभिड-१९ सम्बन्धमा काम गरिरहेकोमा गृह मन्त्रालयको मिति २०७६।१२।२० को निर्णय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६।१२।२० को निर्देशन बमोजिम प्राप्त कार्यादेश तथा गठन विधि अनुसार जिल्लास्तरीय विपद् व्यवस्थापन केन्द्र CMC गठन भएको हो । यस संगै भक्तपुरका ४ वटै नगरपालिकास्तरमा समेत CMC गठन भइसकेको छ ।

जिल्लास्तरीय CMC ले विपद्को हालको अवस्था र स्थितिको सम्बन्धमा आवश्यक समन्वय, निर्देशनसम्बन्धी काम गरिरहेको छ । CMC भक्तपुरको सचिवालय जिल्ला प्रशासन कार्यालयमा रहेको छ । छुट्टै Viber Groupमार्फत CMC का सबै सदस्यहरुले आफ्नो कार्यक्षेत्रका गतिविधि र गरेका कामहरुको विवरण दिने र यसलाई प्रत्येक दिन सचिवालयले राख्ने गरेको छ । हालको अवस्थाको मूल्याङ्कन, निर्देशन र समन्वयका साथै समीक्षाको कार्य सधै नै भइ रहेको छ । हालसम्म CMC को दुइवटा औपचारिक वैठक भई विभिन्न निर्णयहरु भएका छन्

**जनप्रतिनिधहरुसंग छलफल**

भक्तपुर जिल्लाबाट संघीय तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सांसदज्यूहरु, नगरपालिकाका प्रमुखज्यूहरुलगायत जनप्रतिनिधिहरु सम्मिलित वैठक वसी कोभिड-१९ को रोकथाम नियन्त्रण र प्रतिकार्यका लागि हालसम्म भएको कामको समीक्षा गर्दै अबलम्बन गर्नुपर्ने रणनीतिका बारेमा छलफल गरी आवश्यक निर्णयहरु गरिएको छ ।

| CMC पदाधिकारीहरुको सम्पर्क नम्वर | |
|---|---|
| जि.स.स. प्रमुख नवराज गेलाल | ९८५११९०७२४ |
| प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे | ९८५१२१७७७७ |
| जि.स.अधिकारी जगन्नाथ लामिछाने | ९८५१२७६२२२ |
| स.प्र.जि.अ. दिलिप प्रसाद लामिछाने | ९८४०१०८५२४ |
| प्रमुख सेनानी शिबप्रसाद पौडेल | ९८५११५९१८८ |
| प्रहरी उपरीक्षक सबिन प्रधान | ९८५१२१५५५५ |
| सशस्त्र प्र. उपरीक्षक विश्व कुमार भट्टराई | ९८५१२७२०३४ |
| उप अ.नि. सुरेन्द्र कोइराला | ९८५११७४५४६ |
| मे.सु. डा. सुमित्रा गौतम | ९८५८०२३०४७ |
| का.प्र. कृष्णबहादुर मिजार | ९८४१८८४४१९ |

**कोभिड-१९ को रोकथाम, नियन्त्रणसम्बन्धी आवश्यक सूचना CMC मा उपलब्ध गराइदिनहुन सबैमा हार्दिक अनुरोध छ ।**

इमेल daobhaktapur@gmail.com फोन नं ६६१४४३७



माननीय महेश बस्नेतलगायत सांसदज्यूहरुको उपस्थितिमा भएको CMC को बैठक

| जिल्लास्तरीय CMC भक्तपुरका पदाधिकारीहरु |
|---|
| प्रमुख नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर - सल्लाहकार |
| प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय - संयोजक |
| जिल्ला समन्वय अधिकारी जगन्नाथ लामिछाने, जिल्ला समन्वय समितिको कार्यालय |
| स.प्र.जि.अ.दिलिप प्रसाद लामिछाने, जिल्ला प्रशासन कार्यालय |
| प्रमुख सेनानी शिबप्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक |
| प्रहरी उपरीक्षक सबिन प्रधान, महानगरिय प्रहरी परिसर भक्तपुर |
| सशस्त्र प्रहरी उपरीक्षक विश्व कुमार भट्टराई, सशस्त्र प्रहरी बलनं.२२ |
| उप अनुसन्धना निर्देशक सुरेन्द्र कोइराला, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |
| मे.सु. डा. सुमित्रा गौतम, भक्तपुर अस्पताल |
| का.प्र. कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित |



# खरिपाटी क्वारेन्टिनमा रहेका सबै घर फिर्ता

## स्वाव परीक्षणको रिपोर्ट नेगेटिभ

मिति २०७६।१२।८ गते र मिति १२।१२ गते विभिन्न देशबाट नेपाल प्रवेश गरेका व्यक्तिहरुलाई खरिपाटीस्थित क्वारेन्टिनस्थलमा राखिएको थियो । यसरी राखिएका ९६ जना व्यक्तिहरुको क्वारेन्टिन अवधि पूरा भएपछि स्वाब परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको हुँदा एक हप्ता घरमा सेल्फ क्वारेन्टिन बस्ने शर्तमा मिति २०७६।१२।२४ गते र १२।२५ गते क्रमश ७३ र २३ जनालाई घर फिर्ता गरिएको छ ।

घर फिर्ता गरिएका व्यक्तिहरु ईलाम, सुनसरी, झापा, मोरङ्ग, तेह्रथुम, धनकुटा, रौतहट, सर्लाही, बारा, सप्तरी, धनुषा, धादिङ्ग, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, तनहुँ, स्याङजा, कास्की, नवलपरासी, कपिलबस्तु, रुपन्देही, सुर्खेत, दाङ र नेपालगञ्ज जिल्लाका रहेका थिए ।

CMC को संयोजनमा नेपाली सेनाको २ वटा बसमार्फत उपत्यकाभित्र र अन्य ४ वटा बसमार्फत नेपालगञ्ज, झापा, पोखरा र काभ्रेपलाञ्चोकसम्मको रुट मिलाई सबै व्यक्तिहरुलाई घर पठाइएको छ ।


यस पूर्व नै चीनको हुवानबाट मिति २०७६।११।४ मा उद्दार गरी ल्याइएका १७५ जना नेपाली र १८ जना Crew Member हरुलाई खरीपाटी र तेलकोटस्थित क्वारेन्टिनस्थलमा तोकिएको अवधिभर राखिएको र कोरोना परिक्षण रिपोर्ट नेगेटिभ भए आए पश्चात सवै लाई घर फिर्ता गरिएको थियो ।




खरिपाटीबाट नेपाली सेनाको वसमार्फत घर फर्काईंदै

## होम क्वारेन्टिनमा रहेकाको स्वाव परीक्षण भइरहेको हाल सम्म सबै नेगेटिभ

भारतलगायत तेस्रो मुलुकबाट २०७६ सालको चैत्र महिनामा नेपाल आई भक्तपुरमा रहेका २११ जना व्यक्तिहरु पहिचान भएको छ । यी व्यक्तिहरुको लगत लिई स्थानीय तह र सुरक्षा निकायले निरन्तर निगरानीमा राखेको छ । सेल्फ क्वारेन्टिनमा वसेको अवधि पूरा भएका मध्ये हाल सम्म ४८ जनाको स्वाव परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ भने बाँकीको समेत अवधिका आधारमा स्वाव परीक्षण गर्ने कार्य भइरहेको छ ।






खरिपाटी क्वारेन्टिनमा वसेकाहरुलाई घर पठाइदै



खरिपाटी क्वारेन्टिनमा वसेकाहरुलाई घर पठाइदै

**खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।**

# क्वारेन्टिन, आइसोलेसन, आइसियू र भेन्टिलेटर तयार

भक्तपुर जिल्लामा कोभिड-१९ को तयारी स्वरुप हालसम्ममा ३ वटा क्वारेन्टिनस्थल तयार गरिएको छ । क्वारेन्टिनस्थलमा २९९ बेड, जिल्लास्थित सबै अस्पतालहरुमा गरी १७ वटा भेन्टिलेटर र ८७ वटा आइसोलेसन वेड तयार हालतमा राखिएको छ ।

**क्वारेन्टिनस्थलहरु**

| क्वारेन्टिनस्थल | वेडसंख्या |
|---|---|
| खरिपाटी | २०८ |
| कृषि तालिम केन्द्र बोडे | ६८ |
| खानेपानी अफिस तेलकोट | २३ |
| जम्मा | २९९ |

| अस्पताल | आइसोलेसन | भेन्टिलेटर | आइसियु |
|---|---|---|---|
| काठमाडौ मेडिकल कलेज | 15 | 2 | 10 |
| भक्तपुर अस्पताल | 10 | 2 | |
| डा ईवामुरा अस्पताल | 6 | 1 | 3 |
| आरोग्य अस्पताल | 5 | 2 | |
| मध्यपुर ठिमी अस्पताल | 5 | 3 | 10 |
| नेपाल कोरिया अस्पताल | 4 | 4 | 6 |
| नागरिक अस्पताल | 3 | 1 | |
| समिट अस्पताल | 3 | 2 | 6 |
| मानवअंग प्रत्यारोपण केन्द्र | 2 | 2 | 2 |
| सिद्धि मेमोरियल अस्पताल | 1 | 3 | 1 |
| नेपाल नेत्रज्योति अस्पताल | 1 | 1 | |
| **जम्मा** | **55** | **23** | **38** |



खरिपाटीमा तयारी हालतमा राखिएको क्वारेन्टिन बेड



विरदल गणबाट मोडिफाइ गरी भक्तपुर अस्पताललाई हस्तान्तरण गरीएको स्टेचर



स्वाव संकलन गर्दै स्वास्थ्यकर्मी



तयारीको लागि सामग्री संकलन गर्दै

**२०७६ साल चैत्र महिनामा विदेशबाट आई हाल घरमै सेल्फ क्वारेन्टाइनमा रहनुभएका व्यक्तिहरुको तोकिएको अवधि पूरा भए पश्चात स्वाव संकलन गर्न स्वास्थ्यकर्मी आउने भएकोले सोको लागि आवश्यक सहयोग गर्नुहुन अनुरोध छ।**

# कोरोना बिशेष एम्बुलेन्स तयार

कोभिड-१९ संक्रमित बिरामीलाई सुरक्षित तवरले अस्पताल लैजान जिल्लास्थित ५ वटा एम्बुलेन्सलाई बिशेषरुपमा Modify गरी तयार गरिएको छ । यी एम्बुलेन्सका चालकहरुलाई आवश्यक स्वास्थ्य अभिमुखीकरण दिइनुका साथै स्वास्थ्य सुरक्षा सामग्रीहरु (पिपिइ, मास्क, पन्जा, Disinfection Kit) उपलब्ध गराइएको छ । जिल्लाभरमा रहेका अन्य १८ वटा एम्बुलेन्सहरु आवश्यकता अनुसार मोडिफाइ गर्न तयारी हालतमा राखिएको छ ।



कोरोना संक्रमितलाई अस्तपताल लैजान विशेष मोडिफाइ गरी तयार गरिएको एम्बुलेन्स

## अत्यावश्यक एम्बुलेन्स

### कोरोना विशेष Modified

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| पुण्य खत्री/ राजन बासुकला | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सुर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | ९८५१२१४८०९ | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |

### साधारण

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपु |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डा ईवामुरा अस्पताल |
| रकि दुवाल रमेश कुस्मा | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |
| | | |
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |
| **सुर्यविनायक** | | |
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकाश केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकाश पुर्वाधार केन्द्र |
| **चाँगुनारायण** | | |
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस सोसाईटी नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव के.सी. | 9849424813 | चाँगुनारायण प्रा स्वा केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुट्ट | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

जिल्लाका महत्वपूर्ण व्यक्तिहरु, अस्पताल तथा एम्बुलेन्सहरुको सम्पर्क नम्बर daobhaktapur.moha.gov.np तथा कार्यालयको फेसबुकबाट प्राप्त गर्न सकिन्छ ।



एम्बुलेन्स चालकहरुलाई स्वास्थ्य अभिमूखिकरण पश्चात स्वास्थ्य सुरक्षा सामग्रीहरु प्रदान गरिदै

# भक्तपुर अस्पतालमा सवै स्वास्थ्य सेवा खुल्ला रहेको



लकडाउनको अवधिमा पनि भक्तपुर अस्पतालमा आकस्मिकलगायत स्वास्थ्य सेवा संचालनमा रहेको छ ।

हब अस्पतालका रुपमा रहेको यस अस्पतालमा दैनिक ३० जनाको हाराहारीमा बिरामीहरु स्वास्थ्य जाँचका लागि आउने गरेका छन् ।

ज्वरोसंग सम्बन्धित बिरामीलाई छुट्टै फिवर क्लिनिकमार्फत उपचार गर्ने व्यवस्था मिलाइएको छ ।

एपेण्डेसाइटस, प्रसुतिसम्बन्धी र घाउचोटलगायतका बिरामीहरुको चौविसै घण्टा आकस्मिक सेवामार्फत उपचार भइरहेको छ ।

शंकास्पद बिरामीको स्वाव परीक्षणको नमूना यस अस्पतालबाट मात्र लिने गरिएकोमा हालबाट नेपाल कोरीया मैत्री अस्पतालबाट समेत नमूना संकलन गरी पठाउन सुरु गरिएको छ ।



सेफ्टी क्याविनेबाट बिरामीको परीक्षण हुँदै



भक्तपुर अस्पतालमा आगन्तुक तथा बिरामीको ज्वारो नापिँदै




## कोभिड-१९ को र्‍यापिड टेस्ट सुरु

हब अस्पतालमा रहेको भक्तपुर अस्पतालमा कोभिड-१९ को द्रत परिक्षण सामग्री (Rapid Diagnostic Kit) प्राप्त भए संगै यसबाट परीक्षण सुरु गरिएको छ ।

पहिलो चरणमा यस किटको प्रयोग चैत्र महिनाभर नेपाल प्रवेश गरी हाल सेल्फ क्वारेन्टिनमा रहेका व्यक्तिहरुको परीक्षण गर्न प्रयोग आरम्भ भएको छ । यस किटको प्रयोगबाट कोरोना भाइरसको संक्रमण भए नभएको वारेमा शिघ्र परीक्षण भई संक्रमणको तथ्य जानकारी हुन्छ ।

**रुघा खोकी र फ्लू जस्तो लक्षण देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको परामर्श लिऔं ।**

# संक्रमित बिरामीलाई अस्पताल लैजान टोली गठन

## Patient Receiving Team (PRT)

कोभिड -१९ का संक्रमित बिरामीलाई सहज एवं सुरक्षित तवरले अस्पताल लैजान जिल्लास्तरमा स्वास्थ्य कार्यालयका प्रमुखको नेतृत्वमा Patient Receiving Team (PRT) तयार रहेको छ । जिल्लाका सबै नगरपालिकाहरुमा नगर स्वास्थ्य संयोजक र वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा PRT गठन भएको छ ।



बिरामी राख्न मोडिफाइ गरिएको स्टेचर

### जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४११११७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.राम प्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायण प्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्र प्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्खेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

# संक्रमित मृत शरिरको उपयुक्त व्यवस्थापन

## Death Body Management गर्न तालिम सम्पन्न

कोभिड-१९ को संक्रमण बढेर मानिसको मृत्यु हुने अवस्था आएमा, त्यस्तो शव व्यवस्थापनको लागि केन्द्रबाट प्राप्त निर्देशिकाको अधिनमा रही स्थानीय तहसँग समेत समन्वय गरी जिल्लास्तरीय निर्देशिका तयार गरिएको छ । नेपाली सेनाको रेन्जर गणबाट आएको टोलीले जिल्लास्थित ३ वटै सुरक्षा निकायको टोलीलाई Body Management को तालिम/ड्रिल गराएको छ । यस्तो अवस्था परिआएमा व्यवस्थापन गर्न शव वहान १, Death Body Bag 65, Excavator 1, Plastic 200 Mtr तयार राखिएको छ ।

### शंकास्पद बिरामीको स्वाव परीक्षण

## सबैको रिपोर्ट नेगेटिभ

भक्तपुर अस्पताल र नेपाल कोरियामैत्री अस्पतालमा संचालित फिभर क्लिनिकमा उपचार गराउन आएका बिरामीहरु मध्ये कोरोनाको लक्षणसंग मिल्दोजुल्दो लक्षण भएका ११३ जना बिरामीहरुको स्वाव परीक्षणका लागि पठाइएको छ । यसरी परीक्षण गरिएका मध्ये हालसम्म ६५ जनाको रिपोर्ट नेगेटिभ भेटिएको छ भने अन्यको नतिजा आउने क्रममा रहेको छ।



भक्तपुर अस्पताल क्षेत्रमा औषधि छर्कँदै

सामाजिक दूरी कायम गरौं कोभिड -१९ को संक्रमणबाट बचौं र बचाऔं ।

# स्वास्थ्य सुरक्षा विना ईंटा भट्टा सञ्चालन गर्नेलाई कारवाही

संक्रमणको जोखिम रहेको अवस्थामा स्वास्थ्य सुरक्षा सतर्कता नअपनाई इँटा भट्टा संचालन गरेको पाइएकोले मिति २०७६।१२।२६ गते महालक्ष्मी ईँटा भट्टा, स्वस्तिक ईँटा भट्टा, छालिङ्ग ईँटा भट्टाका संचालक समेत ९ जनालाई जेसीवी मेशिन र टिपर सहित नियन्त्रणमा लिई कारवाही गरिएको छ । यसै गरी मिति २०७६।१२।२७ गते त्रिपूरासुन्दरी ईँटा भट्टाका संचालक समेत ५ जनालाई ४ वटा सवारी साधनसहित नियन्त्रणमा लिइएको छ ।

## सवारी पास स्वतः नवीकरण

जिल्ला प्रशासन कार्यालय भक्तपुरले जारी गरेको मिति २०७६।१२।२६ सम्म मान्य रहेको ७ (सात) दिने सवारी पास सो पासमा अन्यथा लेखिएको भएता पनि लक डाउन अविधभर मान्य हुने गरी स्वतः नवीकरण गरिएको छ भने अन्य सवारी पासहरु रद्द गरिएको छ।



क्वारेन्टिनस्थलको निरिक्षणका क्रममा प्र.जि.अ. लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु

## लकडाउनमा जनसमर्थन

### अबज्ञा गर्नेलाई कारवाही हुँदै

लकडाउनको पालनामा जिल्लाबासीहरुको उल्लेख्य समर्थन रहेको छ । लकडाउनको अवधिमा घरबाहिर निस्कन नदिन सुरक्षाकर्मीहरु परिचालन गरिएको छ। यस्तो अवस्थामा लकडाउनको अवज्ञा गर्ने मोटरसाइकल १६६, सानो सवारी ११, ठूलो सवारी ३ वट नियन्त्रणमा लिई ९८६ जनालाई कारवाही भएको छ । अबज्ञा गर्नेलाई कारवाही स्वरुप होल्ड गरी फिर्ता पठाइने गरेको छ ।

## भिडभाड रहित विस्केट जात्रा मनाइँदै

परम्परादेखि चलि आएको भक्तपुरको विस्केट जात्रा यस बर्ष चैत्र २७ देखि बैशाख ५ गते सम्म परेको हुँदा विधि पुऱ्याउनलाई मात्र पूजा गर्दै, देवस्थलबाट देउतालाई बाहिर ननिकाली मनाइएको छ। यसका लागि सुरक्षा निकायले सुरक्षा व्यवस्थापन गरिरहेको र दैनिक पूजा भिडभाड रहित ढंगले सम्पन्न भइरहेको

## उपत्यका भित्रने नाकामा सशस्त्र प्रहरीको चेकप्वाइन्ट

भक्तपुरस्थित उपत्यका भित्रने मुख्य नाका नलिन्चोकमा शसत्र प्रहरी बल निलबाराही गणले चेकपोष्ट स्थापना गरेको छ । चेकपोष्टले लकडाउनको पालना र उपत्यका भित्रने एवं वाहिरिने व्यक्ति र सवारी साधनको नियन्त्रण सम्बन्धी कार्य गरिरहेको छ ।




भक्तपुरस्थित स्थानीय तरकारी वजारको अवस्था र अनुगमन गर्दै प्रहरी



नलिन्चोकस्थित सशस्त्र प्रहरीको चेकपोष्ट

# राधेराधेको भवन खाद्य भण्डारणका लागि प्रयोग गरिने

भक्तपुर जिल्लाभर अत्यावश्यक खाद्य सामग्रीको सुचारू वितरणको लागि सुरक्षा निकायको प्रयोगमा रहने गरी मध्यपुर ठिमी नराधेराधेमा श्री .पा. दुर्गाप्रसाद न्यौपाने नाममा रहेको खाली घरको भुईँतल्लामा यस विपद अवधिभरका लागि मात्र घरधनीको सहमति अनुसार निःशुल्क प्रयोग गर्ने व्यवस्था मिलाइएको छ । खाद्य सामग्री भण्डारण तथा व्यवस्थापनका निमित्त सरसफाई गरी नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाबाट ५० थान पाल (टार्पोलिन) प्राप्त भई तयारी हालतमा राखिएको छ ।



राधेराधेस्थित भवन खाद्यान्न भण्डारणका लागि तयार गर्दै

## विपन्नलाई सम्बन्धित वडाबाट राहत वितरण हुँदै



राहतका लागि लामद्ध स्थानीयहरु

दैनिक गुजारा गर्ने व्यक्तिलाई यस संकटको समयमा सम्बन्धित वडा कार्यालयहरुबाट एकद्वार पद्धतिमार्फत राहत वितरण भइरहेको छ । बिपन्न तथा गरीव एवं खाद्य सामग्रीको अभाव रहेका व्यक्तिहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुलाई घरदैलोमा गई साथै वडा कार्यालयहरुबाट यसरी राहत वितरण भइरहेको छ । कसैले राहत सामग्री उपलब्ध गराउन चाहेमा सम्बन्धित वडामा सम्पर्क राखी बुझाउन सकिनेछ ।

**प्रकाशक**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय भक्तपुर

**Crisis Management Center (CMC) Bhaktapur**

ईमेलः daobhaktapur@gmail.com
फोन नं ६६१७४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाट समेत सम्पर्क गर्न सकिन्छ ।

यो कोड स्क्यान गरी हाम्रो फेसबुक पेज हेर्न सक्नुहुन्छ
facebook/daobhaktapur
जिल्ला प्रशासन कार्यालय भक्तपुरको पेज लाइक गरी नियमित रुपमा नोटिफिकेशन प्राप्त गर्न सकिन्छ ।
www.daobhaktapur.moha.gov.np भित्र CMC मेनु

*Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरी प्रकाशन गरिएको, Focal Person रविन्द्र गौतम Viber 9840177327*